STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रोगको समयमा उपचार गर्नु पर्दछ। उपचारका लागि धामी झाक्रीकहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २ गते आइतबार ❑ 16 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कोरोना नियन्त्रणका लागि सक्रियताका साथ लागौँ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, १ जेठ**

प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना महामारी नियन्त्रणमा लिन सक्रियताका साथ लाग्नुपर्ने बताएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार स्वास्थ्य क्षेत्रसँग सम्बन्धित जानकारसँगको छलफलमा उनले कोरानाको सामना गर्न सरकार सक्षम रहेको बताए।

"हामी कोरोना सामना गर्न सक्षम छौँ, सरकारले थुप्रै विषय कार्यान्वयन गरेको छ, नियन्त्रणका उपाय गर्न तयार र उत्सुक छ, आगामी दिनमा पनि निरन्तर हुन्छ", उनले भने, "सरकारका प्रयासमा स्वास्थ्य क्षेत्र, निजी व्यावसायिक क्षेत्र, गैरसरकारी संस्था, गैरआवासीय नेपाली सबैका आआफ्ना ठाउँबाट संगठित प्रयासको खाँचो छ ।" उनले सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालनामा सबैले ध्यान दिनुपर्ने बताए। "जनतालाई फेरि पनि सजग गराउन आवश्यक छ । कोरोनाका लागि कुनै पनि तोकिएको औषधि छैन तर पनि जनतामा यो खाएर निको हुन्छ कि भन्ने विश्वास छ, रेम्डिसिभिर नै कोरोनाको औषधि होइन, यसलाई जनतामा बुझाउनुपर्छ", प्रधानमन्त्री ओलीले भने । अक्सिजनको आपूर्ति तथा उपकरणको उपलब्धतामा सबैको जोड हुनुपर्ने बताउँदै उनले अक्सिजन, औषधिलगायत अत्यावश्यक सामग्रीको जोहो गर्न सरकार गम्भीर भएर लाग्ने दृढता व्यक्त गरे । कोरोना नियन्त्रणका लागि सञ्चालनमा ल्याइएका हटलाइन नम्बरमा फोन नउठ्ने गुनासा बाहिर आएकाले समस्या समाधान तत्काल गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्न उनले निर्देशन दिए । "त्यहाँ पालो लगाएर मान्छे राख्नुस्, देशभरिका अस्पतालसँग, सुरक्षा निकायका प्रमुखसँग समन्वय हुनुपर्छ, आएको गुनासाको उचित सम्बोधन हुनुपर्छ, धेरै लाइन चालू गर्नुपर्छ", उनले भने।

संक्रमित होम आइसोलेशनमा बस्दा समुदायमा संक्रमण फैलिएको हुन सक्ने तर्फ सरकार सचेत रहेको जनाउँदै उनले होम आइसोलेशनमा बसेका संक्रमितले स्वास्थ्य मापदण्ड पालना गर्नुपर्नेमा जोड दिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार अहिले करीब ९२ प्रतिशत संक्रमित होम आइसोलेशनमा छन्।

कोरोना संक्रमण बढिरहेका बेला जनतालाई अत्यास लाग्ने अभिव्यक्ति कोही कसैले पनि दिन नहुनेमा जोड दिँदै उनले नागरिकको उपचार सरकारले गर्ने बताउनुभयो। "हाम्रो स्वास्थ्य प्रणालीमा केही समस्या देखिएका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अक्सिजन प्लान्टको लागि २ करोड ८० लाख संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ जेठ**

बतास फाउन्डेसनको सक्रियतामा पोखरामा स्थापना हुन लागेको अक्सिजन प्लान्टको लागि हालसम्म २ करोड ८० लाख ४४ हजार १ सय ४७ रुपैया जुटेको छ।

पोखरामा रहेको सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल अक्सिजन प्लान्ट स्थापना गर्न सुरु गरिएको उक्त अभियानमा हालसम्म उक्त रकमको आश्वासन प्राप्त भएको बतास फाउण्डेसनका अध्यक्ष एवं युवा व्यवसायी आनन्दराज बतासले बताए।

हाल फेसवुक स्टाटस लेखेर पोखरामा अक्सिजन प्लान्ट स्थापना गर्न खोज्दा अपेक्षा गरे भन्दा धैरै राम्रो सहयोग जुटेको उनले बताए । सहयोगको प्रतिवद्धतासंगै अब जति सक्दो छिटो सुरुमा आफ्नै पैसा लगानी गरेर पनि अक्सिजन प्लान्ट पोखरामा स्थापना गरी छाड्ने आनन्दले विश्वास दिलाएका छन् । भोलि आइतबार नै बतास फाउण्डेसनको नामबाट छुट्टै खाता खोलेर त्यसको एक रुपैया पनि




पारदर्शी ढंगले हिसाव किताव राख्ने भएको उनले जनाए। उनले भने "हाम्रो फाउण्डेसनको लागि यो कुनै नयाँ कुरा होइन हामीले यस अघि विभिन्न ढंगबाट करिब ६० करोड मुल्य बराबरको सामाजिक क्षेत्रमा यस्तै काम गर्दै आएका छौं, यस अभियानमा जनताको प्रत्यक्ष सहयोग भएको हुदा थप हामी संवेदनशिल हुने छौं हरेक पैसाको पारदर्शी हामीले देखाउने छौं ।" ढिलोमा ९० दिन भित्र उक्त अक्सिजन प्लान्ट प्रतिष्ठानमै स्थापना गरी आम जनताको लागि राहत हुने उनले विश्वास व्यत्त गरे।

बतास पोखरा आएको सन्दर्भमा पोखराका मेयर मानबहादुर जिसीसंग भेटघाट गर्न पुगे जहाँ मेयर सावले तपाँईहरुले अक्सिजन अभाव भएको समयमा केही त गर्नु यार मात्र के भनेका थिए। मेयर जिसी भएको स्थलबाटै बतासले आफ्ना केही सहकर्मी एवं युवा व्यवसायीहरुलाई फोन गरे उनीहरुको तर्फबाट सहयोग गर्ने प्रतिवद्धत्ता आएसंगै उनले हठोट गरे पोखराको सामुदायिक अस्पताल (पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मै अक्सिजन प्लान्ट स्थापना गर्ने।

पोखरामा दुई वटा अक्सिजन प्लान्ट पोखरा अक्सिजन र कालि गण्डकी अक्सिजन प्रा. लि.निजी रुपमा संचालनमा आएका छन । यद्यपी कोरोनाका गम्भिर बिरामीलाई हाल अनिवार्य जस्तो अक्सिजन लगाउनु पर्ने अबस्थाले गर्दा अक्सिजन ग्याँस सिलिण्डर र अक्सिजन ग्याँस व्यबस्थापनमा अझै पोखरामा पनि समस्या भएकोले भोलिको दिनमा थप आवश्यक हुन सक्ने कुरालाई समेत मध्यनजर गरी आनन्दले आफ्नो कम्पनीबाट ५० लाख सहितको अन्यलाई उत्तः योजना सफल पार्न आर्थिक सहयोग गर्न आव्हान गरे । करिब ५ करोड मुल्य बराबरको अक्सिजन प्लान्ट जडानको तयारीमा लागेको बताएका अभियान्ता आनन्दले हालसम्म करिब ३ करोडको सहयोग प्रतिवद्धत्ता आएको जनाए। उक्त उद्योगबाट दैनिक २ सय सिलिण्डिर ग्याँस उत्पादन हुने उनले जनाए । उक्त अभियानमा सहयोग गर्न चहानेले लिना कार्कीलाई ९८०२३११६१२ सम्पर्क गर्न सकिने भएको छ । उक्त अभियानमा समाजका धैरै क्षेत्रबाट सहयोग आउने क्रम जारी रहेको अभियान्ता बतासले बताए।

## गण्डकीमा १४ को मृत्यु, थप ७ सय ७० जना संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, १ जेठ**

पोखरामा विभिन्न अस्पतालमा उपचाररत १३ जना कोरोना संक्रमितसहित गण्डकी प्रदेशमा थप १४ जनाको मृत्यु भएको छ । प्रदेशका विभिन्न जिल्लाका पोखरामा उपचाररत कोरोना संक्रमितको पछिल्लो २४ घण्टामा उपचारकै क्रममा मृत्यु भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । निर्देशनालयका अनुसार कोरोनाबाट मृत्यु हुनेहरु कास्कीका ६ जना, स्याङजाका २ जना, पर्वतका ३ जना, तनहुँका १ जना, म्याग्दी १ जना र गोरखा जिल्लाका १ जना रहेका छन्। योसँगै प्रदेशभर कोरोनाबाट मृत्यु हुनेको संख्या ३ सय ५५ पुगेको छ।

२४ घण्टामा गण्डकी प्रदेशमा थप ७ सय ७० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। प्रदेशमा ११ जिल्ला मध्ये ८ वटा जिल्लामा थप ७ सय ७० जनामा संक्रमण पुष्टि भएको हो । प्रदेश स्वास्थ्य निर्देशनालयले दिएको जानकारी अनुसार २४ घण्टा पीसीआर र एन्टिजेन परिक्षण गर्दा महिला ३ सय ३० र पुरुष ४ सय ४० जनामा कोरोना संक्रमण पुष्टि भएको छ। नयाँ संक्रमितमा म्याग्दीमा १ सय महिला र १ सय ३० पुरुष गरी २ सय ३० जना, कास्कीका ७१ जना महिला र ९७ जना पुरुष सहित १ सय ६८ जना, नवलपरासी पूर्वमा ६३ जना महिला र ८४ जना पुरुष सहित १ सय ४७ जना रहेका छन् । त्यस्तै त्यस्तै बागलुङमा २६ जना महिला र ५३ जना पुरुष सहित ७९ जना, तनहुँमा २६ जना महिला र ३२ जना पुरुष सहित ५८ जना, गोरखामा २६ जना महिला र २३ जना पुरुष सहित ४९ जना, स्याङजामा १३ जना महिला र ८ जना पुरुष सहित २१ जना, पर्वतमा ५ जना महिला र १३ जना पुरुष सहित १८ जना रहेका छन्।

योसँगै गण्डकीमा कुल कोरोना संक्रमितको संख्या २७ हजार ४ सय ५ पुगेको छ।

## आठ हजार संक्रमित १८७ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १ जेठ**

नेपालमा थप आठ हजार १६७ जना कोरोना भाइरसका सङ्क्रमित भेटिएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १७ हजार ९७१ जनाको पिसिआर तथा ५७७ जनाको एन्टिजेन परीक्षण गरिएकामा क्रमशः आठ हजार ४६ र १२१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

यससँगै देशभर कोरोना सङ्क्रमित चार लाख ७७ हजार चार पुगेका छन् । हालसम्म २७ लाख ५१ हजार ४८१ को पिसिआर परीक्षण भएको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा पाँच हजार ४५५ जना उपचारपछि निको भएर घर फर्किएका छन्। हालसम्म कोरोना जितेर घर फर्किनेको संख्या तीन लाख ३३ हजार १०८ पुगेको छ । कोरोना निको दर ७४ दशमलव ४ प्रतिशत छ।

यस्तै गत २४ घण्टामा थप १८७ जनाको मृत्यु भएसँगै कुल मृतकको संख्या चार हजार ८५६ पुगेको छ। शनिबारसम्म मुलुकभर सक्रिय सङ्क्रमितको संख्या एक लाख नौ हजार ७४० छ।

## कांग्रेसले प्रदेशस्तरमा कोभिड–१९ को अवस्थाबारे कार्यक्रम गर्दै

**रासस**
**काठमाडौं, १ जेठ**

नेपाली कांग्रेसले आइतबारदेखि सातै प्रदेशमा जुम प्रविधिमार्फत 'कोभिड–१९ को अवस्था र कांग्रेसको भूमिका' विषयमा प्रदेशस्तरीय अन्तरक्रिया गर्ने भएको छ।

पार्टीको कोभिड–१९ अनुगमन समितिको आयोजनामा सातै प्रदेशका पार्टीका सम्बन्धित नेता कार्यकर्ताको संलग्नतामा कार्यक्रम गर्न लागिएको पार्टी कार्यालयले जनाएको छ।

कार्यक्रममा सम्बन्धित प्रदेशका केन्द्रीय सदस्य, जिल्ला सभापति, प्रतिनिधिसभा तथा प्रदेशसभाका सदस्य, पार्टीको क्षेत्रीय कार्यसमितिका सभापति, पालिकाका सभापति तथा कांग्रेसका तर्फबाट स्थानीय तहमा निर्वाचित प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षलगायतको सहभागिता रहनेछ । कार्यक्रमको प्रमुख अतिथि कांग्रेसका सभापति शेरबहादुर देउवा र विशिष्ट अतिथिका रूपमा वरिष्ठ नेता रामचन्द्र पौडेललगायत अन्य नेतासमेत सहभागी हुने पार्टी कार्यालयका सचिव प्रेम केसीले जानकारी दिए।

सबै प्रदेशको संयोजन कांग्रेसका सहमहामन्त्री तथा समितिका संयोजक डा प्रकाशशरण महतले गर्नेछन्। यही

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्की काँग्रेसले कोरोना संक्रमितका लागि एम्बुलेन्स संचालन गऱ्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, १ जेठ**

पोखरा, १ जेठ । नेपाली काँग्रेस कास्कीले आजदेखि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ। कोरोना संक्रमितलाई अस्पतालसम्म पुग्न अहसज भएको र महंगो शुल्क समेत तिनुपर्ने भएकाले उनीहरुको सहजताका लागि निःशुल्क रुपमा एम्बुलेन्स संचालनमा ल्याएको हो।

कास्की काँग्रेसका सभापति कृष्ण केसीले पार्टीका सबै इकाइलाई समस्यामा परेकाहरुलाई अस्पतालसम्म ल्याउनका लागि आवश्यक समन्वय गर्न निर्देशन दिनुभएको छ । 'संक्रमितका लागि नै एम्बुलेन्स सेवा हो, सभापति केसीले भन्नुभयो, समस्यामा परेकाको सहयोगमा जुट्न पार्टीका सबै नेता तथा कार्यकर्तालाई आग्रह गर्दछु ।' पोखराको चाउथेबाटशनिवारसाँझएम्बुलेन्स



सेवा शुभारम्भ गरिएको कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो।

हिमालय अर्गनाइजेशनको आयान इन्टरकन्टिनेण्टलकी प्रवन्ध निर्देशक एवं नेपाली काँग्रेस महिला विभाग सदस्य मिलन थापाले एम्बुलेन्सका लागि दुई वटा फोर्स गाडी उपलब्ध गराउनुभएको हो। उहाँले गाडीको चावि नेपाली काँग्रेस कास्कीका सचिव देवेन्द्र रानाभाटलाई हस्तान्तरण गर्नुभयो।

कास्की काँग्रेसका सचिव देवेन्द्र रानाभाट, प्रवक्ता नवीन सिग्देल र नेपाली काँग्रेस क्षेत्र नं १(ख) सभापति कृष्ण कोइरालारसमाजसेवीध्रुवथापाको उपस्थितिमा सेवा शुभारम्भ गरिएको छ। एम्बुलेन्सका रुपमा पार्टीले ग.३.च ८८२ र ग.३.च २२६० नम्बरका गाडी संचालन गरेको छ । एम्बुलेन्स सेवाका लागि पार्टीका पदाधिकारी एवं क्षेत्रीय सभापतिहरुले पार्टी सचिव देवेन्द्र रानाभाटको मोवाइल नम्बर ९८४६०२६७६६ र कार्यालयका मुख्य सचिव विजयराज अधिकारीको मोवाइल नम्बर ९८५६०५४२२२ मा सम्पर्क गरि समन्वय सकिने छ। कास्की काँग्रेसको वैशाख २६ गतेको बैठकले एम्बुलेन्स सञ्चालन गर्ने निर्णय गरेको थियो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# अन्नपूर्णमा आइसोलेसन संचालन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ जेठ**

नयाँ भेरियन्ट सहितको दोस्रो लहरको कोरोना (भाइरस)को सङ्क्रम फैलिएपछि म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले नारच्याङ स्थित नेपाली सेनाले प्रयोग गरेको भवनमा २५ शयूयाको आइसोलेशन कक्ष पुनः सञ्चालन गरेको छ।

गत पुष महिनामा स्थापना भएको कोरोना अस्पताल कोरोनाका बिरामी भेटिन छाडेका, नियुक्त गरिएका चिकित्सक र स्वास्थ्यकर्मीको करार अवधि सकिएपछि फागुनमा बन्द भएको थियो । मिस्ट्री र घलेम्दीखोला जलद्यिुत आयोजना निर्माणका लागि आवश्यक पर्ने विस्फोटक पदार्थको भण्डारण र सुरक्षाका लागि नेपाली सेनाको क्याम्प राख्न जलविद्युत आयोजनाले भवन बनाएका थिए। आयोजना निर्माण सकिएपछि ति भवन प्रयोगविहिन बनेका थिए । सेनाको क्याम्प सरेपछि खाली भएका भवन मर्मत, रङ्गरोगन, खानेपानी, विद्युत जडान गरेर आइसोलेसन सञ्चालन गरिएको हो । गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले तत्काल मौजुदा स्वास्थ्यकर्मीहरुलाई परिचालन गरेर अस्पताल सुरु गरिसकेको र तलब व्यवस्थापन गरेर चिकित्सक ल्याउने र थप स्वास्थ्यकर्मी भर्ना प्रक्रियामा रहेको बताउनुभयो । उपचारमा खटिने स्वास्थ्यकर्मीलाई तलबको पचास प्रतिशत अतिरिक्त सुविधा गाउँपालिकाल दिने भएको छ । कामको चाप बढेपछि गाउँपालिकाले सञ्चालन गरेको प्रयोगशालाका कर्मचारीहरुको तलब बढाइएको छ। अन्नपूर्णको कोरोना अस्पतालमा १५ सिलिण्डर अक्सिजनको ब्यवस्था गरिएको छ । गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक समुन्द्र बरुवालले छ स्वास्थ्यकर्मीको तीन वटा समूह बनाएर २४ सै घण्टा सेवा दिइएको बताउनुभयो । "बेनी अस्पतालका चिकित्सकको सम्पर्कमा रहेर दुई जनालाई अक्सिजन र एक जनालाई आइसोलेसनमा राखेर उपचार भइरहेको छ," उहाँले भन्नुभयो "अन्नपूर्णमा करिब तीस जना सक्रीय संक्रमित छन् । सात जनाले कोरोना जितेका छन् ।" केहीदिन अघि कोरोना सङ्क्रमण निको भएका सिनियर अहेव विक्रम पुनको नेतृत्वमा आइसोलेसन र कोरोना अस्पताल सञ्चालन भएको छ। वडा नं ४ गाडपारमा शुक्रबार एकै परिवारका पाँच जनामा सङ्क्रमण पुष्टि भएको छ। गत चैत तेस्रो हप्ता अन्नपूर्ण-४ नारच्याङमा जलविद्युत आयोजनाका ११ जना कर्मचारी र समुदायका चार जनामा कोरोना सङ्क्रमण भएको थियो । आठ वटै वडाका स्वास्थ्य चौकीमा पनि एक/एक वटा अक्सिजन सिलिण्डरको ब्यवस्था गरिएको छ। सङ्क्रमितको उपचारका लागि आवश्यक पर्ने औषधि निःशुल्क उपलब्ध गराइने अध्यक्ष पुनले बताउनुभयो।

# फौजीकिराले मकैबाली नष्ट

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ जेठ**

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको दोस्रो लहरको सङ्क्रमणले थलापरेका बेला खेतवारीमा लगाइएको मकैवाली फौजीकिराले नष्ट गरिदिएपछि म्याग्दीका किसान दोहोरो रोगको चपेटामा परेका छन् । म्याग्दीमा भर्खरै उम्रिएको र गोड्ने बेला भएको मकैबाली फौजी कीराले नष्ट गर्न थालेपछि यहाँका किसान दोहोरो चिन्तामा परेका हुन्।

जिल्लाको बेनी नगरपालिका सहित ६ वटै स्थानीय तहका कतिपय किसान अहिले कोरोनाको चपेटमा परेका छन्। कतिपय संङ्क्रमित भएर होम क्वारेन्टिन, आइसोलेशन तथा स्वास्थ्य संस्थामा उपचाररत छन् । यही बेलामा किसानले लगाएको मकै बालीमा फौजी कीराको प्रकोप देखिएको हो। मकै उम्रिनासाथ फौजी कीराले डाँठ र पात दुवै खाएर नष्ट गर्न थालेको बेनी नगरपालिका २ बगरफाँटका कृषक खड्गबहादुर थापाले बताउनुभयो । बगरफाँटको ४ सय रोपनी क्षेत्रफलको फाँटमा फौजी किराले मकैवाली कामै नलाग्ने गरी नष्ट गरिदिएको कृषक थापाले बताउनुभयो । "खेती लगाएका किसान कोरोनाले विस्तारामा थलिएका छन्, खेतमा मकै किराले खाएर थलिएको छ, यस वर्ष खाद्यान्नको पनि सङ्कट हुनेभयो", कृषक थापाले भन्नुभयो।

यसअघि गहुँबालीमा समेत किरा लागेर राम्रो उत्पादन हुन सकेको थिएन। गहुँसमेत राम्रो उत्पादन नहुँदा मकैको आशा गरेर बसेका किसानहरु मकैवाली पनि किराले नष्ट गरिदिँदा चिन्तित बनेका छन् । ज्यामरुककोटका अर्का कृषक टेकबहादुर कार्कीले यस वर्ष रोग र भोकले किसानलाई बाँच्न कठिन हुने लक्षण देखिएको बताउनुभयो । कोरोनाका कारण बजारमा गएर औषधि किन्ने वातावरण नहुँदा घरगाउँकै जैविक औषधी प्रयोग गर्दा रोग र किरा नियन्त्रणमा आउन नसकेको किसानले गुनासो गरेका छन्। तर,कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख गोविन्दराज कोइरालाले औपचारि करुपमा यस विषयमा किसानले कुनै गुनासो नगरेको बताउनुभयो।

# कोरोना संक्रमित मिर्गौला पीडितको डायलासिस

**पोखरापत्र संवाददाता**
**दमौली, १ जेठ**

कोभिड सङ्क्रमण पुष्टि भएपछि व्यास नगरपालिका-१ का एक पुरुषको दमौलीस्थित मिर्गौला उपचार केन्द्रमा डायलासिस गरिएको छ। व्यास नगरपालिका-१ का ४९ वर्षीय पुरुषको दमौली अस्पतालमा रहेको मिर्गौला उपचार केन्द्रमा शुक्रबार राति डायलासिस गरिएको हो।

उहाँमा तीन दिन अगाडि कोरोना सङ्क्रमण पुष्टि भएको थियो । कोरोना सङ्क्रमणपछि मिर्गौला उपचार केन्द्रमा डायलासिस गर्ने उहाँ दोस्रो व्यक्ति हो । गत वर्ष कोरोना सङ्क्रमण भएपछि व्यास नगरपालिका-४ का एक व्यक्तिको पनि यही डायलासिस गरिएको थियो।

शुक्रबार डायलासिस गरेका ती व्यक्तिले नियमित डायलासिस गर्दै आएको केन्द्रका इन्चार्ज शैलेन्द्र पण्डितले जानकारी दिनुभयो । "उहाँको यसअघि सोमबार र बिहीबार डायलासिस हुँदै आएको थियो, अब शुक्रबार र मङ्गलबार डायलासिसको तयारी गरेका छौ," उहाँले भन्नुभयो, "शनिबार डायलासिस केन्द्र बन्द हुने भएकाले शुक्रबार डायलासिस गराएपछि निसङ्क्रमण गर्न सजिलो हुन्छ ।" कोरोना सङ्क्रमित ती व्यक्तिलाई एक्लै राखेर डायलासिस गर्ने व्यवस्था मिलाइएको छ । "सबै गइसकेपछि स्वास्थ्यकर्मीले स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर उहाँको डायलासिस गर्नुहुन्छ," उहाँले भन्नुभयो । कोरोना सङ्क्रमितको ती पुरुषको स्वास्थ्य अवस्था सामान्य छ । उहाँको हाल दमौली अस्पतालको कोभिड कक्षमा उपचार भइरहेको छ। केन्द्रमा हाल दैनिक ६३ जनाले डायलासिस गराइरहेका छन् । विसं २०७२ साल मङ्सिर ३ गते देशभरका जिल्ला अस्पतालमध्ये दमौली अस्पतालमा पहिलो पटक डायलासिस केन्द्र स्थापना भएको थियो। केन्द्रले हालसम्म करीब २५ हजार भन्दा बढी पटक डायलासिस सेवा प्रदान गरेको छ। केन्द्रमा ९ वटा डायलासिस गराउने उपकरण रहेको छ।

# कुहिने फोहोरबाट मल उत्पादन

**पोखरापत्र संवाददाता**
**दमौली, १ जेठ**

जिल्लाको व्यास नगरपालिकाले कुहिने फोहोरबाट प्राङ्गरिक मल उत्पादन गरेको छ। नगरपालिका-१० स्थित शिशुवा भतेरीमा दुई वटा खाडल खनेर कुहिने फोहोरलाई व्यवस्थापन गरेसँगै प्राराङ्गिक मल उत्पादन गरिएको हो।

गत फागुन महिनादेखि उक्त स्थानमा कुहिने र रत्यौली नजिक नकुहिने फोहोर विर्सजन गरिदै आएको छ । बुधबार डोजरको सहायताले मल बाहिर निकाल्न थालिएको गौ संरक्षण तथा प्राङ्गरिक मल उत्पादन केन्द्रका अध्यक्ष एवं वडाध्यक्ष तुलसीराम सापकोटाले बताउनुभयो। दुई वटा खाडल खनेर कुहिने फोहोर राखेर मल उत्पादन गरिएको उहाँले बताउनुभयो । मल प्रयोग गरी सुपरनेपियर, इपिल इपिल, मठ, पारा, मकैचरी लगायतको उन्नत घाँस लगाउने योजना रहेको छ । उहाँले भन्नुभयो "गौ संरक्षण केन्द्रमा हाल ५५ वटा गाई रहेकोले घाँस उत्पादनको लागि ट्र्याक्टरले जोतेर घाँस रोप्न लागिएको छ ।" वडा नं २, ३, ४ र १ बाट दैनिक बाह्र टन फोहोर सङ्कलन हुने गरेकोमा करिब ४० प्रतिशत कुहिने फोहोर रहेको नरपालिकाका वरिष्ठ अधिकृत कुमारकञ्चन जिसीले जानकारी दिनुभयो । कुहिने फोहोरबाट भतेरीमा बायोग्याँस प्लान्ट जडान गरी विद्युतसमेत उत्पादन गरिसकिएको उहाँले बताउनुभयो। छाडा चौपाया जथाभावी छाड्दा सवारी दुर्घटना वृद्धि हुन थालेपछि नगरपालिकाको सक्रियतामा गौ संरक्षण केन्द्र स्थापाना गरिएको हो। केन्द्रमा गाई ब्याएपछि स्थानीय विपन्न परिवारलाई सुपथ मूल्यमा प्रदान गर्ने योजना रहेको वडाध्यक्ष सापकोटाले बताउनुभयो।

# जामुने कोभिड अस्पतालमा चिकित्सक नियुक्त

**पोखरापत्र संवाददाता**
**दमौली, १ जेठ**

म्याग्दे गाउँपालिकाले जामुनेस्थित कोभिड अस्पतालमा चिकित्सक नियुक्ति गर्ने भएको छ। आज बसेको गाउँपालिकाको ११० औ कार्यपालिकाको बैठकले जामुने कोभिड अस्पतालका लागि तत्काल एक जना चिकित्सक नियुक्ति गर्ने निर्णय गरेको हो।

कोभिड सङ्क्रमण बढ्दै गएपछि अस्पताल सञ्चालनका लागि गाउँपालिकाले चिकित्सक परिचालन गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार तत्कालको आवश्यकतालाई ध्यानमा राखेर तीनदिनभित्र दुई महिनाको लागि चिकित्सक करारमा नियुक्ति गर्ने निर्णय भएको छ।

कोभिड अस्पतालमा हाल पाँच शय्या रहेको र यसलाई बढाएर दश शयूया बनाउने तयारी गरिएको छ। कोभिड अस्पतालका लागि अक्सिजनको व्यवस्थापन भइसकेको र थप अक्सिजन जुटाउने प्रयास गरिएको उहाँले बताउनुभयो।

कोभिड अस्पतालमा गाउँपालिकाले केही महिना पहिला चिकित्सक नियुक्ति गरेपनि उक्त चिकित्सकले छोडिदिएपछि अस्पताल चिकित्सक विहीन छ। गाउँपालिकाले कोभिड अस्पतालमा प्रयोगशाला समेत शुभारम्भ गरेको थियो। गाउँपालिकाले घरमा बस्न नमिल्नेका लागि सात वटै वडामा आइसोलेशन स्थापना गर्ने निर्णय गरेको छ। आइसोलेशन केन्द्रमा बत्ती र पानीको व्यवस्थापन गाउँपालिकाले गर्नेछ भने बाँकी स्वयंम व्यक्तिमार्फत् नै गराउने निर्णय भएको छ।

वडा नं १ स्थित महेन्द्र मावि गुणादी, कुल ज्योति आवि बाख्रे, विजय आधारभूत विद्यालय मानुङ, थानीदेवी प्रावि बर्च्याङमा आइसोलेशन बनाइनेछ । वडा नं २ स्थित उमादेवी प्रावि, ऋषिथुम आवि, राधा मावि, वडा नं ३ स्थित जनगणपति मावि, रविचन्द्र प्रावि, वडा नं ४ स्थित मिन मावि, गणेश मावि, जनप्रकाश आवि, वडा नं ५ स्थित जनशक्ति प्रावि, हिरामणि प्रावि, पञ्चकन्या प्रावि, बोटेनी सामुदायिक भवन, वडा नं ६ स्थित अकला आवि, अकला सामुदायिक सिकाई केन्द्र र वडा नं ७ स्थित मिलीजुली प्रावि, सरस्वती आवि, देवी दलित सामुदायिक भवनमा आइसोलेशन केन्द्र बनाइनेछ।

कोरोना जोखिम बढेपछि गाउँपालिकाले पिसिआर परीक्षणको दायरा थप वृद्धि गर्ने निर्णय गरेको गाउँपीलकाका अध्यक्ष मायादेवी रानाले जानकारी दिनुभयो। उहाँले निषेधाज्ञाको पालना गर्दै घरमै बस्न गाउँपालिकावासीलाई आग्रह गर्नुभयो । निषेधाज्ञाको अवधिमा गाउँपालिकाले नागरिकको आवश्यकता र माग अनुसार हप्तामा तीन दिन दैनिक तीन घण्टामात्रै कार्यालय खोल्ने निर्णय गरेको छ। सीमित कर्मचारी आलोपालो गरी स्वास्थ्यको मापदण्ड पूर्ण पालना गराई सरकारी कारोवारको भुक्तानी तथा नागरिकको सङ्कलित निक्षेप रकम माग अनुसार भुक्तानी गर्ने निर्णय गरेको हो।

# दुई गाउँ जोड्ने पक्की पुल निर्माणको काम शुरु

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ जेठ**

कालीगण्डकी नदीमाथि यहाँका दुई गाउँ जोड्ने गरी पक्की पुल निर्माणको काम शुरु भएको छ। हिमालपारीको जिल्ला मुस्ताङको घरपझोङ गाउँपालिका-१ छैरो चिमाङ गाउँ र वडा नं. २ को तल्लो मार्फा गाउँलाई जोड्ने गरी पक्की पुल निर्माणको काम शुरु भएको हो।

कोरोना महामारीबीच निर्माण कम्पनीले पुलको प्रारम्भिक काम थालेको जनाएको छ। गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालयले यो पुल निर्माण थालेको हो। मुस्ताङ जिल्लामै पहिलो 'पाएल' प्रविधिबाट निर्माण हुने यो पुल रु सात करोड ८० लाख २४ हजारको लागतमा सम्पन्न हुनेछ। कूल ६४ मिटर १० सेन्टिमिटर लम्बाइ र आठ मिटर ४० सेन्टिमिटर चौडाइमा निर्माण हुने पक्की पुलमा दायाँबायाँ दुबैतर्फ एक मिटर २० सेन्टिमिटर फुटपाथ निर्माण हुने पूर्वाधार विकास कार्यालय जोमसोमका कार्यालय प्रमुख विष्णु पौडेलले बताउनुभयो । पुल निर्माणको जिम्मा पाएको देवेन सायर कन्स्टक्सन प्रालि काठमाडौंले एक वर्षभित्रै निर्माण सम्पन्न गर्ने जनाएको छ। कोरोना महामारीको असर नपरे एक वर्षमा पुल निर्माण भैसक्ने गरी सम्झौता भएको इन्जिनीयर पौडेलले बताउनुभयो । यो पुल निर्माणपछि छैरो चिमाङ गाउँमा उत्पादित कृषिजन्य उत्पादन बजारीकरणका लागि सहज हुनेछ भने छैरो गाउँ जाने यात्रुलाई आवतजावतमा सहज हुने छ। हिउँदमा मात्रै सवारी चल्ने छैरो गाउँमा अब वर्षैभरि सवारी चल्ने घरपझोङ गाउँपालिका-१ का अध्यक्ष आइतप्रसाद थकालीले बताउनुभयो । कालीगण्डकीमा पुल नहुँदा स्थानीयवासीले वर्षाको समयमा जोखिम मोलेर यात्रा गर्नु परेको थियो।

# चट्याङ्बाट वैशाखमा २१ को मृत्यु

**रासस**
**काठमाडौं, १ जेठ**

मुलुकका विभिन्न क्षेत्रमा चट्याङ लागेर वैशाखमा मात्रै २१ जनाको मृत्यु भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार चट्याङमा परेर अन्य ८४ जना घाइते भएको र ५० चौपायाको क्षति भएको छ। एक महिनामा चट्याङका कारण रु एक करोड ५४ लाख बराबरको आर्थिक क्षति भएको प्राधिकरणले जनाएको छ।

यस्तै आगलागीबाट सात, जनावरको आक्रमणबाट तीन, हावाहुरीबाट एक गरी वैशाखमा ३२ जनाको ज्यान गएको छ। सबै घटनामा परी १३८ जना घाइते भएको बताइएको छ । यसपालि वैशाखमा पानी कम परे पनि चट्याङले ठूलो क्षति गराएको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो । एक महिनामा ४९९ विपद्का घटना भएको छ।

सबै घटनाबाट रु ३३ करोड ७८ लाखको भौतिक तथा आर्थिक क्षति भएको जनाइएको छ। अहिले प्रिमनसुनका समयमा हावाहुरी र चट्याङका घटना बढी हुने मौसमविद्ले जनाएका छन्।

चट्याङकै कारण आगलागी हुँदा नजानिँदो रूपमा ठूलो धनजनको क्षति भइरहेको छ। तथ्याङ्कले बाढी र पहिराको हाराहारीमै आगलागी र चट्याङले क्षति पुर्‍याइरहेको देखाएको छ।

# भारतमा दुई लाख ६६ हजारको मृत्यु, दैनिक संमण र मृत्युमा केही कमी

**रासस**
**काठमाडौं, १ जेठ**

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट सङ्कटमा परेको भारतमा विगत २४ घण्टामा तीन लाख २६ हजार नयाँ संक्रमित भेटिएका छन्।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा थप तीन हजार ८९० जनाको मृत्यु भएको छ।

भारतमा हालसम्म कोभिड-१९ बाट मृत्यु भएकाको संख्या दुई लाख ६६ हजार २०७ पुगेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार कोभिड-१९ संक्रमितको कूल संख्या दुई करोड ४३ लाख ७२ हजार पुगेको छ जसमध्ये दुई करोड चार लाख ३२ हजार व्यक्ति संक्रमणमुक्त भएका छन् । भारतमा हाल ३६ लाख ७३ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन् । भारतमा गत जनवरीमा कोभिड-१९ विरुद्धको खोप लगाउन शुरु गरेको थियो । हालसम्म १८ करोड व्यक्तिलाई खोप दिइएको मन्त्रालयले जनाएको छ। गत मे १ देखि भारत सरकारले १८ वर्षभन्दा माथिको उमेरका सबै व्यक्तिलाई खोप दिने योजना अघि सारे पनि पर्याप्त खोप उपलब्ध नहुँदा सहज रुपमा खोप अभियान अघि बढ्न सकेको छैन।

भारतमा संक्रमित व्यक्तिको संख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन गर्न अस्वीकार गरेको छ। तर संक्रमित अत्यधिक देखिएका दिल्ली, मुम्बई समेतका शहरमा राज्य सरकारले लकडाउन, प्रतिबन्ध, कफ्र्यु लगाएका छन्।

हाल, कोभिडको ठूलै सङ्कट सामना गरिरहेको भारतमा हाल अक्सिजनको आपूर्ति समेतका अत्यावश्यक औषधि र अन्य स्वास्थ्य सेवाको चरम अभाव भएको छ।


## Madhya Nepal Municipality
## Office of Municipal Executive
## Bhorletar, Lamjung

## Invitation for Bids (Rebid)

**(Date of Publication: 2078-02-02 (May 16, 2021)**

Madhya Nepal Municipality, Office of Municipal Executive, Bhorletar Lamjung invites online bids under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under Sealed quotation procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| IFB No. | Contact ID | Works Descriptions | Bid Document Fee | Bid Validity | Bid Security Amount and Validity | Estimated Amount |
|---|---|---|---|---|---|---|
| 11/MUN /077/78 | 11/MUN/ W/NCB/ 077-078 | Procurement, Supply and Installation Of Electrical Items For Madhya Nepal Water Supply Project | NRS 1000 Account no: 0317901210260067 | 90 days | Nrs.42000 | Nrs 1624922.46 |

Chief administrative Officer